# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** **संख्याः** **मितिः २०८२।०४।०५**


## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावनाः**

बागमती गाउँपालिका, मकवानपुरको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको सभाबाट अनुमोदन भई यो ऐन जारी भएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बागमती गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साउन १ गतेबाट प्रारम्भ हुनेछ।

१. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा,

क) "ऐन" भन्नाले बागमती गाउँपालिका, मकवानपुरको विनियोजन ऐन, २०८२ लाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले बागमती गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) "सभा" भन्नाले गाउँ कार्यपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

२. **<u>आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८३,७२,६७,६७४.०० (अक्षरेपि त्रियासी करोड बहत्तर लाख सतसठ्ठी हजार छ सय चौहत्तर रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त बागमती गाउँपालिका झुरझुरेको गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

(४) पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न तथा वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लिखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-०१

(दफा ३ सँग सम्बन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकम

| शीर्षक | २०८२/०८३ | | | |
|---|---|---|---|---|
| | कुल बजेट (रु.) | सङ्घीय सरकार (रु.) | प्रदेश सरकार (रु.) | अन्तरिक श्रोत (रु.) |
| ८०३३२५०८३०० वागमती गाउँपालिका, मकवानपुर | ८,३७,२६७.६७ | ४,६०,६००.०० | ५९,९१४.०० | ३,१६,७५३.६७ |

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर